www.teraiexpressdainik.com

न पक्ष न विपक्ष, सधैं निष्पक्ष

# तराई एक्सप्रेस

TERAI EXPRESS DAILY दैनिक

वर्ष १८ अंक १८८ - २०८० चैत १ गते बिहिबार march. 14,2024 पृष्ठ संख्या ४, मुल्य रु ५

## फतुवा बिजयपुरका शिक्षकद्वारा वार्षिक परीक्षा बहिष्कारको घोषणा

# ६ हजार विद्यार्थीको भविष्य अन्यौल




**तराई एक्सप्रेस संवाददाता**
**बिजयपुर,३० फागुन ।**

रौतहटको फतुवा बिजयपुर नगरक्षेत्रअन्तर्गत तलबको माग गर्दै धर्नामा बसेका शिक्षकले भोलीदेखि सञ्चालन हुने वार्षिक परीक्षा बहिष्कार गर्ने निर्णय गरेको छ। शिक्षकहरूको निर्णयसँगै नगर क्षेत्रका ६ हजार विद्यार्थीको भविष्य अन्यौल बनेको छ ।

नगर शिक्षा संयोजक शिक्षक राधेश्याम यादवको अध्यक्षतामा बुधबार बसेको शिक्षकहरूको बैठकले भोलिदेखि हुने भनिएको कक्षा १ देखि ९ सम्मको वार्षिक परीक्षा बहिष्कार गर्ने निर्णय गरेको हो ।पटकपटक आश्वासन मात्र पाउने र तलबकै लागि सधैँ आन्दोलन गर्नुपर्ने भएकाले अब उधारोमा सहमती नहुने शिक्षा संयोजक यादवले बताएका छन् ।

जब सम्म सम्पूर्ण शिक्षक तथा विद्यालय कर्मचारीको खातामा हालसम्मको तलब जाँदैन तबसम्म हामी परीक्षा सञ्चालन नगर्ने निर्णय गरिएको संयोजक यादवले जानकारी दिएका छन् । फतुवा बिजयपुर नगरपालिकाका ३२ वटा विद्यालय रहेको छ । प्रस्तावित सहित ७ मावि, ४ निमावि र २१ वटा प्राथमिक विद्यालय रहेको छ। ती सम्पूर्ण विद्यालयमा गरी कूल २०४ जना शिक्षक तथा कर्मचारी कार्यरत रहेको मावि सितलपुरका प्रधानाध्यापक बुनिलाल राय यादवले बताए । त्यहाँ रहेको ३२ विद्यालयमा कक्षा १ देखि ९ सम्मको झण्डै ६ हजार रहेका विद्यार्थीहरू भोलिदेखि हुने वार्षिक परीक्षामा सहभागी हुने रहेका थिए ।

यसरी शिक्षकहरूको तलबको विवादकै कारण भोलिदेखि हुने वार्षिक परिक्षा नभएमा फतुवा बिजयपुर नगरक्षेत्र अन्तर्गत कक्षा १ देखी ९ सम्मका ६ हजार बालबालिकाको भबिश्य अन्यौल हुने देखिएको छ ।

नगरपालिका अन्तर्गत कार्यरत शिक्षकहरू बुधबार तलबको माग गर्दै पुनः धर्नामा बसेका थिए । हिन्दूहरूको महान पर्व होली आउनमात्र १० दिन बाँकी छँदा तलब पाउने सम्भावना झिनो देखिएको कारण त्यहाँका शिक्षक कर्मचारी पुनः आन्दोलित भएका हुन् ।

नगरक्षेत्रअन्तर्गतका शिक्षक र शिक्षिकाहरू आज कार्यालय समय सुरु हुनासाथ बिहान १० बजेदेखि नगरपालिका अगाडी धर्नामा बसेका थिए । नगरभरीको शिक्षकहरूको भेलाले बुधवार अपरान्ह ४ बजे भोलिदेखिको वार्षिक परीक्षा बहिस्कार गर्ने निर्णय गरेका छन् । फतुवा विजयपुर का प्रमुख प्रशासकीय अधिकृत उपसचिव सुरेन्द्र प्रधानले पाँच दिनभित्र जुन हालतमा पनि शिक्षक र कर्मचारीको तलब निकासा हुने बताएका छन्। फतुवा विजयपुर का प्रमुख प्रशासकीय अधिकृत उपसचिव सुरेन्द्र प्रधानले पाँच दिनभित्र जुन हालतमा पनि शिक्षक र कर्मचारीको तलब निकासा हुने बताए । फतुवा बिजयपुर नगरपालिकामा कांग्रेस पार्टी बाट निर्वाचित मेयर गोपाल राय यादव नदीको टेन्डरमा दोषी ठहर भएर अख्तियारद्वारा दण्डित भई पद गुमाएपछि कांग्रेसकै उपमेयर अम्बेया खातुन गत वर्षदेखि कार्यबाहकको जिम्मेवारी पाएकी छन् ।

## वृन्दावनका विद्यालयको बेहाल

**तराई एक्सप्रेस संवाददाता**
**चन्द्रपुर,३० फागुन ।**

रौतहटको वृन्दावन नगरपालिकाका शिक्षक शिक्षिकाहरू लापरवाही गर्न थालेको छन् ।

समयमा विद्यालय नआउने र आएपनि मोबाइल चलाएर मात्रै बस्ने गरेको गुनासो बढ्दै गएको हो ।

सो पालिका अन्तर्गत सामुदायिक विद्यालय करिब २० वटा रहेको छ । तर प्रभावकारी ढंगले कुनैमा पढाइ नहुने गरेको अभिभावकहरू बताउँछन् ।

रौतहटको वृन्दावन नगरपालिका वडा नं २ मा रहेको श्री नेपाल माध्यमिक विद्यालयमा शिक्षक शिक्षिका समयमा नआउने गरेको प्रमाण नै फेला परेको छ । वृन्दावन नगरपालिका वडा नम्बर २ का वडाध्यक्ष सिकिन्द्र पटेल विद्यालयमा आज छड्के अनुगमनमा जाँदा विद्यालयमा २१ जना शिक्षक शिक्षिकामध्ये ७ जना मात्रै कार्यालयमा उपस्थिति रहेको बताएका छन् ।

कुनै किसिमको विदा नहुदा समेत नियमित विद्यालयमा शिक्षक शिक्षिकाहरु आउने गरेको छैन ।

यता विद्यार्थीहरूले पनि विद्यालयमा नियमित रुपमा शिक्षक शिक्षिकाहरू नआउने गरेको गुनासो गरेका छन् । नाम नखुलाउने शर्तमा कक्षा नौ मा अध्ययनरत एक विद्यार्थीले शिक्षक शिक्षिकाहरू आफू मनलाग्दै आउने र जाने गरेको बताएका छन् । ती विद्यार्थीका अनुसार शिक्षक शिक्षिकाहरू विद्यालयमा आएपनि खाली मोबाइल चलाएर बस्ने गरेको सुनाए ।

यता विद्यालयका पूर्व व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका वडा नम्बर २ का वडाध्यक्ष सिकिन्द्र पटेल आफू पटकपटक विद्यालयमा छड्के आउँदा शिक्षक शिक्षिका नै नभेटिने गरेको बताएका छन् ।

शिक्षक शिक्षिकाहरू तलब र भत्ताको लागि आन्दोलन र विद्यालय बन्द गर्ने तर पढाउने बेलामा विद्यार्थीको भविष्यसँग खेलवाड गरिरहेको उनको भनाइ रहेको छ।

विद्यालयमा नियमित शिक्षक शिक्षिका उपस्थित नहुँदा विद्यार्थीको पढाइ नै प्रभावित हुने गरेको छ ।

यस विषयमा प्रधानाध्यापक प्रेमलाल पटेलसँग बुझ्न खोज्दा उनको फोन सम्पर्क हुन सकेन ।

तर सहायक प्रधान अध्यापक राम एकवाल पटेलका अनुसार भोलिबाट परीक्षा हुने भएकोले शिक्षक शिक्षिकाहरू सिट प्लानिङ गर्ने र विद्यार्थीलाई बिदा दिएको बताएका छन् ।वृन्दावनको यो विद्यालय एक नमुना मात्रै हुन् ।

हेर्ने हो भने अधिकांश विद्यालयमा यस्तै हुने गरेको छ । विद्यालय अनुगमन नहुँदा विद्यार्थीको भविष्यसँग नै खेलवाड भइरहेको जानकारहरू बताउँछन् ।

# नेपाल र भारतका उच्च अधिकारीबीच भेटवार्ता

**तराई एक्सप्रेस संवाददाता**
**गौर,३० फागुन ।**

एसएसबीका आइजी श्री पंकज दराड ( आईपीएस)ले भारत र नेपालबीचको मैत्रीपूर्ण सम्बन्ध, सीमा क्षेत्रमा सुरक्षा र निर्वाचनका विषयमा नेपाल र भारतका वरिष्ठ अधिकारीहरूसँग भेटवार्ता गरेका छन् ।

बुधबार महानिरीक्षक श्री पंकज दराड फ्रन्टियर हेडक्वार्टर सशस्त्र सीमा बाल पटना (बिहार)ले भारत र नेपालका वरिष्ठ अधिकारीसँग एक विशेष बैठक बसेको थियो। जसमा मैत्री सम्बन्ध सुधार गर्न प्रयास गरिएको थियो । भारत र नेपालबीच सर्वसाधारणलाई सहयोग पुऱ्याउने सुविधा, भारत-नेपाल सीमा क्षेत्रमा काम गर्ने दुवै पक्षका सरकारी निकायबीचको आपसी सहकार्य र लोकसभा निर्वाचनका सन्दर्भमा विशेष निर्देशनका विषयमा छलफल भएको थियो । नेपाल र भारतबीचको मैत्रीपूर्ण सम्बन्धका सम्बन्धमा परापूर्वकालदेखि नै भारत र नेपालबीचको सम्बन्ध रहेको भन्दै उनले यो रोटी-बेटीको सम्बन्ध कायम राख्नु नै सशस्त्र सीमा बलको नारा रहेको बताए ।

जनताको पहिलो दायित्व हो। यस सन्दर्भमा सशस्त्र सीमा बलका सबै बल कर्मीहरूलाई समय समयमा निर्देशन दिइन्छ। यसका लागि मैत्री पुलमा हेल्प डेस्क स्थापना गरिनेछ । जसले नेपालबाट आउने र नेपाल जाने व्यक्तिलाई सहयोग गर्नेछ ।

भारत-नेपाल सीमा क्षेत्रमा कार्यरत दुवै पक्षका सरकारी निकायबीच आपसी सहकार्यका सम्बन्धमा उनले सबै निकायको मुख्य उद्देश्य देश र समाजको हित हुने भएकाले भारतिय सशस्त्र सीमा बल, नेपाल सशस्त्र प्रहरी बल , भारत र नेपाल भन्सार कर्मचारी नेपाल प्रहरी र अन्य सुरक्षा निकायले आपसी समन्वय र सहकार्यमा आफ्नो काम बढाउनुपर्छ, तब मात्र अपराध, समाज विरोधी गतिविधि, भारत विरोधी गतिविधि, लागुऔषध ओसारपसार, मानव बेचबिखन तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्न सकिन्छ । भारतमा हुने निर्वाचनलाई निष्पक्ष रुपमा सम्पन्न गराउन भारत र नेपालका अधिकारीहरुको बैठक बसेको पत्रकार सम्मेलनमा आईजी पंकज दर्दारले बैठकमा लोकसभा निर्वाचनमा नेपाल सरकारलाई सहयोग गर्ने सहमति भएको जानकारी दिए ।

आगामी महिना भारतमा हुने भएको छ । बैठकमा सशस्त्र सीमा बल भारत का उपमहानिरीक्षक एस सुब्रमण्यम , कमाण्डेन्ट विकास कुमार, कमाण्डेन्ट एनएस मेहरा, सेकेन्ड कमाण्डिङ अफिसर सुन्दरम, डेपुटी कमाण्डेन्ट दीपक कृष्ण, डेपुटी कमाण्डेन्ट ए. प्रियदर्शन अरुण, एएचटीयू इन्चार्ज इन्स्पेक्टर मनोजकुमार शर्मा, भारतीय महावाणिज्य दूतावासका कन्सुल शैलेन्द्र कुमार, सुरेश पट्टापु, नेपाल प्रहरीका एसपी कुमोद ढुंगेल, भन्सार रक्सौलका सहायक आयुक्त रामानन्द सिंह, सशस्त्र प्रहरी बलका डीएसपी देबेन्द्र सिंह, नेपालबाट डीएसपी संगम श्रेष्ठ, वीरगन्ज उध्योग वाणिज्य संघ अनिल अग्रवाल, अधिकारी माधवराज पाल ,ब्यूरो आदिको पनि उपस्थिति रहनेछ ।

## १२ करोड गुमेपछि ६६ लाख राजस्वको चर्चा

**बिशाल बस्नेत/न्युज कारखाना**
**महोत्तरी,३० फागुन ।**

बर्दिवासमा १२ करोड राजस्व सम्बन्धि मुद्दाको चर्चा सेलाउन नपाउँदै ६६ लाखको चर्चा सुरु भएको छ ।

आर्थिक बर्ष २०७७/७८ मा सम्झौता भन्दा बढी नदीजन्यपदार्थ उत्त्खनन गरेवापत तीन ठेक्केदार कम्पनीले तिर्नुपर्ने उक्त रकमलाई जनकपुर उच्च अदालतले २२ गते ठेक्केदारको पक्षमा नै फैसला गरेपछि अर्को मुद्दाको चर्चा सुरु भएको हो । अचम्म त काँहानिर छ भने १२ करोड मुद्दाको सफाई पाएका मध्ये पंचधुरामाई सप्लायर्स नै यो मुद्दामा पुनः जोडिएको देखिएको छ। नाँपजाँच उपसमितिले सम्झौताभन्दा बढी नदीजन्यपदार्थ निकालेको निष्कर्षलाई अदालतले गलत सावित गरेसँगै राजस्वसँग जोडिएको अर्को ६६ लाखको मुद्दा सतहमा आएको हो ।

आर्थिक बर्ष २०७७/७८ मा बर्दिवास नगरपालिकाले पालिका वाहिर १४४० घनमिटर नदीजन्यपदार्थ निकासी कर संकलन गर्न ठेक्का आवहान गरेको थियो। नगरले आह्वान गरेको बोलपत्र बम्मोजिम पञ्चधुरामाई सप्ल्यार्सले १२३ दिनको लागी दैनिक १५२९९. ९९ पैसा कवोल गर्दै सम्झौता गर्यो जुन १ करोड ८८ लाख १८ हजार ९९८ रुपैयाँ ७७ पैसा हुन् नगरलाई तिर्नुपर्ने हुन्छ । २०७७ साल चैत ३ गतेदेखि २०७८ असार ३१ सम्मको अवधिमा उक्त रकम नगरलाई दिने सर्तमा दुई पक्षबीच सम्झौता भएको थियो। तर कोभिड-१९ को माहामारीको कारण निकासी नभएको भन्दै कार्यापालिका बैठकवाट ठेक्केदारले १२३ दिनको सट्टा ८४ दिनको मात्र निकासी आय कर तिरे पुग्ने निर्णय गरेको थियो ।

तर त्यही ८४ दिनको दिन बाँकी ६६ लाख ५१ हजार ९ सय ९९ रुपैया



ठेक्केदारले नगरलाई सम्झौता बमोजिम दाखिला गर्नुपर्ने रकम कोभिडको कारण देखाउँदै दिन अस्विकार गरेपछि नगरले ताकेता गर्न थाल्यो ।

६६ लाख दाखिल गर्न अस्विकार गरेका ठेक्केदारले उल्टै नगरका विरुद्ध जनकपुर उच्च अदालतमा मुद्दा दायर गरे जुन अझैं विचाराधीन अवस्थामा छ। नगरका कानुनी सल्लाहकार टिकाध्वज खड्काका अनुसार उक्त पैसा अघिल्लो स्थानीय सरकारको कार्यापालिका निर्णयमा मिनाहा गर्ने निर्णय गरेको थियो । उक्त रकम अघिल्लो स्थानीय सरकारले मिनाहा गर्ने निर्णय नगरेको तत्कालिन सरकारका प्रतिनिधि निरोज अधिकारी प्रष्ट बनाए । 'मलाई लाग्छ यस्मा पनि जालझेल हुदै छ भन्ने बुझ्न सकिन्छ,' उन्ले भने, '१२ करोड त गुम्यो यो पनि गुम्ने निश्यत नै देखिन्छ ।' २२ गते भएको फसैलालाई पनि स्थानियहरुले अनपेक्षित भएको प्रतिक्रिया दिएका छन्। नगरले मुद्दा जित्ने प्रसस्त आधार हुदाहुदै पनि मुद्दा फितलो वनाउन आफ्नो अधिवक्ता नराखेको, भएको अधिवक्तालाई बहसमा नपठाएको जस्ता आरोप लागेका छन्।

# गौर नगरपालिकालाई उत्कृष्ट नगरको सम्मान

**तराई एक्सप्रेस संवाददाता**
**गौर,३० फागुन ।**

रौतहटको गौर नगरपालिकालाई उत्कृष्ट नगरको सम्मान प्रदान गरिएको छ । देशभरका सम्पूर्ण नगरपालिकामध्ये गौरले सामाजिक क्षेत्रमा उत्कृष्टता हासिल गरेको भन्दै उक्त सम्मान प्रदान गरिएको हो ।

नेपाल नगरपालिका संघको ३१ औं वार्षिकोत्सवको अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भानुभक्त जोशीले गौरलाई उत्कृष्ट नगरपालिकाको पुरस्कार प्रदान गरेका हुन् ।

गौरका नगर प्रमुख शम्भु साहले उत्कृष्ट नगरपालिका पुरस्कार थापेका हुन्। गत वर्ष गौर नगरपीलका मधेश प्रदेशमै सबै क्षेत्रमा पहिलो स्थानमा थियो । लगातार नागरिकको पक्षमा काम गरिरहेको तथा गौरवासीको सहयोगले नगरपालिकाको सम्मान हरेक वर्ष बढिरहेको नगर प्रमुख साहले प्रतिक्रिया दिएका छन् ।

सामाजिक क्षेत्रमा गौर नगरपालिका देशमै सर्वोत्कृष्ट भएपछि अझ जिम्मेवारी बढेको र थप हौसला प्राप्त भएको नगर प्रमुख साहको भनाइ छ ।

गौर नगरपालिकामा साह निर्वाचित भएपछि बिभिन्न राम्रा र रचनात्मक काम हुदै आएको भन्दै स्थानीय बासिन्दाले समेत खुशि जाहेर गर्दै आएको गौरका स्थानीय बासिन्दाले बताएकाछन् ।



**तराई प्रकाशनका लागि**

प्रकाशक / प्रधान सम्पादक : अशोक पहाडी
सम्पादक : ओम किशोर चौधरी
सह–सम्पादक : रूपेन्द्र पटेल
मुद्रक : राज प्रिन्टिगं प्रेस, गौर
कार्यालय : चन्द्रपुर ४, रौतहट
फोन नं : विज्ञापन:,९८४५०३६३४५, ९८६१६७४८००
कार्यालय: ९८५१०४१९२३
इमेल: pahadiashok123@gmail.com
terai1express@gmail.com
वेभसाईट: www.teraiexpressdainik.com

## सम्पादकीय—

# योग्य र बिज्ञ खोज्ने काम होस

जब सरकार या मन्त्रिपरिषद् हेरफेर हुन्छ, सँगै कर्मचारीतन्त्रमा सरुवाको सन्त्रास छाउँछ । अनि राजदूत फिर्ताको लहर चल्छ । त्यसअतिरिक्त प्रदेश प्रमुखको जागिरै जान्छ । संस्थान-समिति, बोर्डहरूमा नयाँ नियुक्तिका बाढी आउँछन् । पुराना थमौतिका निम्ति अदालतको ढोका धाउँछन् । यो हाम्रो नियमित-आकस्मिकता हो । हुन पनि एक साताअघिमात्रै गठबन्धन दल फेरेका प्रधामन्त्री पुष्पकमल दाहालले विश्वासको मत लिन भ्याएका छैनन् । तर, मन्त्रिपरिषद्बाट नियुक्ति-सरुवा चाहिँ सुरुआत भइसकेको छ ।

कांग्रेस कोटाका प्रदेश प्रमुख हटाइँदैछन्, त्यो ठाउँमा एमालेका मानिस भरिँदैछन् । अनि प्रदेश प्रमुखका निम्ति योग्य मानिस खोजिएको उदाहरण छैन, दलीय नेता/कार्यकर्ता मात्रै 'योग्य' ठानिने दुर्भाग्यपूर्ण दृश्य निरन्तर मञ्चन भएकै छन् । उता नयाँ राष्ट्रिय स्वतन्त्र पार्टीका गृहमन्त्री रवि लामिछानेले सचिव फेर्ने निर्णय मन्त्रिपरिषद्बाट गराइसकेका छन् । अर्थात्, अब लामिछाने 'पथ'मै नवगठित मन्त्रिपरिषद्का सदस्यहरू पनि हिँड्ने निश्चित छ ।

हाम्रो शासकीय विकृत संस्कार नै हो कि मन्त्री भएलगत्तै सचिव-सहसचिव फेर्नू । सँगै मातहतका निकायमा नयाँ राजनीतिक नियुक्ति दिलाउनू । टाउको अधिक अस्थिर रहेपछि शासकीय संरचना स्थिर हुनै पाउँदैन । अझ राजनीतिमा बेइमानीको हावा चलेपछि मन्त्रिपरिषद् हेरफेर भइरहनु कुनै अनौठो रहेन । पन्ध्र महिने शासनकालमा तेस्रो संसदीय दलका नेता प्रधानमन्त्री पुष्पकमल दाहालले १५ पटक नै मन्त्रिपरिषद्मा हेरफेर गरिसकेका छन् । यो अवधिमा ५२ जना व्यक्ति मन्त्रीको कुर्सीमा पुगेका छन् । जुनसुकै पार्टीका भए पनि मन्त्रीहरूको पहिलो प्राथमिकता नियुक्ति-सरुवा नै हुने गरेको छ । सरकार अस्थिर रहे या भए पनि कम्तीमा कर्मचारीलाई नचलाई वा नखल्बलाई दिए कम्तीमा अलिकति स्थिरताको सन्देश जाने थियो । यसपालि पनि त्यस्तो स्थिरताको दृश्य मञ्चन हुने कुनै सम्भावना देखिँदैन । अब सचिव-सहसचिव-उपसचिवको सरुवा लहर चल्ने स्पष्ट देखिएको छ, गृहसचिवको फेरबदलसँगै । मन्त्रालयको कुर्सीमा बसेको केही दिन नहुँदै मन्त्रीले सचिव-सहसचिवको 'ल्याकत-निष्ठा'को कसरी मापन गरे होलान् ? प्रश्न खडा हुन्छ नै । त्यसो त, मन्त्रीहरू अनुभवी सचिव-सहसचिव भन्दा पनि निर्देशन-आदेश तामेल गर्ने पात्रहरू खोज्छन् । अनुभवहीन-खराब सचिव खोज्दा कहिलेकाहीँ बालकृष्ण खाँणको झैँ नियति खेप्नुपर्ने पनि हुन सक्छ । किनभने गृह मन्त्रालय नबुझेको सचिवकै कारण खाँणले जेलको चिसो छिँडीमा पुग्नुपरेन कि साढे चार दशक लामो खाँणको राजनीतिक यात्रालाई स्वाहा पारिदियो । अलि इमान्दार-योग्य सचिव खोजेको भए, खाँण जेल पुग्नुपर्ने थिएन कि ? किनभने अनुभविले सम्भावित परिणाम पहिल्यै बताउन सक्छन् । मन्त्रीको कुर्सीमा पुग्नेहरूले आदेश तामेल गर्ने खोज्दा खाँण नियति भोग्ने सम्भावना रहन्छ नै । मन्त्रीले आफ्ना नीति-योजना कार्यान्वयन गर्न सक्ने काबिल-अनुभवि सचिव-सहसचिवबाट काम लगाएको खण्डमा मुलुकले लाभै लिन सक्छ । हो, कतिपय जब्बर सचिव-सहसचिव परेको खण्डमा आधार-औचित्य खुलाउँदै हेरफेर गर्न नसकिने होइन । तर, मन्त्री फेरिनासाथ रोजाइकै सचिव खोज्ने होडबाजी चल्नुमा असल नियत होइन कि खराब निर्णय तामेल गराउने योजना रहे वा भएको आशंका गरिन्छ नै । अब झन् नयाँ गठबन्धनसँगै बिजोग हबिगत राजदूत फिर्ता बोलाउने र नियुक्तिमा देखिनेछ । अब निश्चित छ, कांग्रेस कोटाका राजदूत फिर्ता बोलाइने निर्णय हुनेछ । सरकारले अमेरिका, भारत, दक्षिण कोरिया, इजरायल, कतार, दक्षिण पोर्चुगलका लागि नेपाली राजदूतलाई फिर्ता गर्ने क्रममा जानेछन् । त्यो ठाउँमा नियुक्तिको लफडा चल्नेछ । २०७८ मा शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा एमालेको कोटाका राजदूतलाई फिर्ता बोलाउँदै 'आफ्ना मान्छे' पठाएकै हुन् । अब कांग्रेसका ठाउँमा 'एमालेका मान्छे' पुग्नेछन् । राजदूत भनेका विदेशमा नेपालका प्रतिनिधि-अनुहार हुन् । ती देशले राजदूत र दूतावासमार्फत नेपालसँग सम्बन्ध अगाडि बढाएका हुन्छन् । विनाकारण राजदूत फिर्ता बोलाउँदा अन्तर्राष्ट्रिय समुदायमा नेपालको छवि र विश्वास गुम्दै जान्छ । सरकार कति महिना टिक्ने हो, त्यो सरकारले नियुक्त गरेका राजदूत कति महिना टिक्ने हुन् भन्ने अन्योल रहन्छ । यस्तो अन्योल हुँदा सम्बन्धित देशले महत्वपूर्ण विषयहरू अघि बढाउँदैनन् र उठाउँदैन् पनि । यसले कूटनीतिमा अस्थिरता निम्ताउँछ । राजनीतिक कोटामा नियुक्त भए पनि राजदूत देशका प्रतिनिधि हुन् ।




# लेन्डुप दोर्जे प्रवृत्तिको बौलाहा राष्ट्रवाद

**गोपाल किराती**

दक्षिण एसियाली राष्ट्रिय आत्मसमर्पणवादको इतिहासमा एउटा स्थापित कथा छ । कथा भन्छ– स्वतन्त्र सिक्किमका प्रधानमन्त्री लेन्डुप दोर्जे दिल्ली धाउने गर्थे । सिक्किमलाई भारतमा विलय गराउन प्रधानमन्त्री इन्दिरा गान्धी अनेक दाउपेच बुनिरहेकी थिइन् । त्यसका लागि दिल्लीमा लेन्डुप दोर्जेलाई स्वागत-सम्मानको कुनै कसर बाँकी राख्दिनथिन् । पटक-पटक भव्यतम् सम्मानबाट लेन्डुप दोर्जे अत्यन्तै मक्ख परिरहेका हुन्थे । इन्दिरालाई लेन्डुपले 'महारानी साहेब !' सम्बोधन गर्थे । जब सिक्किम विलय भयो, लगत्तै लेन्डुप दोर्जे प्रधानमन्त्री निवास दिल्ली पुगे र द्वारपालेलाई भने– म लेन्डुप दोर्जे, महारानीलाई भेट्न आएको । पालेले इन्दिराकहाँ खबर पुऱ्यायो तर इन्दिरा गान्धीले भनिन रे, 'देश बेचुवा गद्दारसँग भेट्नु छैन मैले ।' यो थियो, करिब ५० वर्षअघिको घटना । लेन्डुप दोर्जे भोटियाको राष्ट्रिय आत्मसमर्पणवादी गद्दार प्रवृत्ति, त्यसको नियति र दर्दनाक अवसान ।

पूर्वी नेपालमा जब पहिचान आन्दोलनको नेतृत्वदायी संस्था 'प्रदेश १ पुनः नामाङ्कन संघर्ष समिति'ले आन्दोलनको रक्षा र विकासका खातिर तेस्रो जनआन्दोलन पहल कार्यदेश अघि बढायो, जिम्मेवार सदस्यले आफूहरूजस्तै विचार बोकेका देशव्यापी शक्ति र व्यक्तिहरूसँगको प्रतिनिधित्वमा मार्गदर्शन भेलाद्वारा जब 'तेस्रो जनआन्दोलन तयारी समिति' गठन घोषणा गरे, तब छरप्रस्टै सतहमा देखापर्न थाले, नेपाली नागरिकताको प्रमाणपत्र बोकेका लेन्डुप दोर्जेहरू र भन्न थाले– बौलाहा राष्ट्रवाद जिन्दावाद !

सर्वप्रथम तिनीहरू इलाम २ उपनिर्वाचनमा कथित उम्मेदवारी घोषणा प्रचारले स्वयं किनाराकृत बने । कारण, 'प्रदेश १ पुनः नामाङ्कन संघर्ष समिति'ले पहिचानवादी साझा उम्मेदवारमार्फत इलाम २ मा भाग लिने निर्णयअगावै सार्वजनिक गरिसकेको हो । संघर्ष समितिको संस्थागत निर्णयविरुद्ध कायरतापूर्वक उम्मेदवारी घोषणाले लेन्डुप दोर्जेहरू पहिचानवादी आन्दोलनका शत्रु कित्तामा दरिए नै, साथै तिनीहरूको आन्द्राभुँडी भारुवादसँग जोडिएको तथ्य पनि खुल्न आयो । अतः तिनीहरूले पहरामा कुइना ठोकाउने जघन्य गल्ती मात्र गरेनन्, बरु लेन्डुप दोर्जेका सतही अवतारमा आफूलाई नाङ्गेझार समेत तुल्याउन पुगे । वास्तवमा अध्याय समाप्त भएको हो ।

परन्तु, देशभक्त पहिचान पक्षधर आदिवासी तथा प्रगतिशील जनसमुदायमाझ विषय निरूपण शल्यक्रिया अवश्य जरुरी छ । जसका निमित्त यो आलेख लेखिएको हो ।

गोज्याङ्गे दलालहरूको भद्दा राजनीति विश्वसनीय स्रोतका अनुसार, 'बौलाहा राष्ट्रवादी'हरूको सिद्धान्त रहेछ, ब्राह्मणहरूले भारतको सहयोग लिएरै नेपालमा राज्याधिकार मच्चाएका छन् भने आदिवासी जनजातिले पनि किन त्यसो नगर्ने ? आखिर अन्तर्राष्ट्रिय सहयोग र धनराशिबिना सकिँदैन नै ! यसरी तिनको सक्कली सिद्धान्त भारुवाद बन्न पुगेको प्रस्ट बुझिन्छ । परिणाममा, टीकापुरमा उत्तेजक भाषण गरेर रक्तपात मच्चाउँदै रेशम चौधरीहरूलाई फसाउने तर हत्याकाण्ड घटेपछि किञ्चित रक्षा गर्न नसक्ने; अदालतमा नागरिकता मुद्दा खेपिरहेका र आश्चर्यको कुरा त छोराले भन्दा १० वर्षपछि मात्र उनका बाउले नेपाली नागरिकता लिएका समाचार पढिन्छन् । त्यस्तो व्यक्तिलाई नेता मानेर राष्ट्रिय मुक्ति क्रान्तिको वाहियात धक्कु लगाउनेहरू गोज्याङ्गे दलालबाहेक अरु हुनै सक्दैनन् ।

'बौलाहा राष्ट्रवादी'हरूको सिद्धान्त रहेछ, ब्राह्मणहरूले भारतको सहयोग लिएरै नेपालमा राज्याधिकार मच्चाएका छन् भने आदिवासी जनजातिले पनि किन त्यसो नगर्ने ? आखिर अन्तर्राष्ट्रिय सहयोग र धनराशिबिना सकिँदैन नै ! यसरी तिनको सक्कली सिद्धान्त भारुवाद बन्न पुगेको प्रस्ट बुझिन्छ । अर्को उदाहरण गोरेबहादुर खपाङ्गीको लिनु उपयुक्त होला । खपाङ्गीको आन्तरिक कार्यदिशा थियो– राजा र बाहुन मिलेर जनजातिलाई दमन गरे; अब जनजातिहरू दरबार पसेर बाहुनलाई बाहिर निकाल्नुपर्छ र राजासँग मिलेर जनजातिले शासन गर्नुपर्छ । २०४८ सालतिरको त्यस बहस प्रतिवादमा हामीले भनेका थियौँ, त्यो सम्भव छैन । किनकि हिन्दु राजाको दरबारमा ब्राह्मणको जुन स्थान छ, जनजातिलाई त्यो कसरी प्राप्त हुन्छ ? अन्ततः गोरेबहादुरहरू दरबारमा मिल्न गए र सकिए पनि । सोलुखुम्बुका एक सरकारी अधिकृत, जसको ससुराली खोटाङतिर थियो । ती पुरुष सोलुमा अचाक्ली नै अरु केटीतिर लाग्ने बदमास थिए रे । त्यसैले उनकी श्रीमती जब माइत जान्थिन्, माइती गाउँका दर्जनौँ केटाहरूसित जानाजान लसपस गर्थिन् रे । कारण, मौका पाउँदा बुढाको बदला लिएको रे । ती चिनेकै भाउजू पर्थिन् । जैविक र मानसिक रूपमा त उनलाई आनन्दै भयो होला तर सामाजिक, पारिवारिक अनि नैतिक रूपमा के भयो होला ? थोरै मात्र बुद्धि राख्छन् भने भारुवादी जनजातिले पुनर्विचार अवश्य गरून् । मौका पाउँदा त्यसरी बुढाको बदला लिने ती मानिसको स्तरबाट माथि उठ्न सकून् । किनभने, जन्मसिद्ध नागरिकताका आधारमा आजसम्म ती दलाल पनि नेपाली हुन् । त्यसैले कामना गरौँ, हद दर्जाको भद्दा राजनीतिबाट तिनले बच्न सकून् ।

कस्तो राष्ट्रिय मुक्ति क्रान्ति ?

भारुवादीहरूले राष्ट्रिय मुक्ति क्रान्तिको नारा दिन खोजेको सुनिन्छ तर त्यसको आयामबारे तिनले जनतालाई प्रस्ट बताएका छैनन्; सम्भवतः बताउन सक्ने पनि छैनन् । नेपालजस्तो बहुराष्ट्रिय मुलुकमा डा. सन यात्सेनका अनुसार राष्ट्रियताको दोहोरो सिद्धान्त अख्तियार गर्नुपर्छ । त्यो भनेको बाह्य र आन्तरिक राष्ट्रियताको सिद्धान्त हो । बाह्य राष्ट्रियताको मात्र तरफदारीले आन्तरिक राष्ट्रिय समुदायमाथिको उत्पीडन यथावत राख्छ भने आन्तरिक राष्ट्रियताको मात्र तरफदारीले जान-अन्जान बाह्य साम्राज्यवादको दलालीकरणमा पुऱ्याउँछ । तब नेपालजस्तो बहुजातीय मुलुकमा राष्ट्रिय मुक्ति आन्दोलनको प्रश्न बाह्य र आन्तरिक राष्ट्रिय मुक्तिबिच समायोजन आन्दोलन मात्र हो । प्रश्न उठ्छ, ती महासयको राष्ट्रिय मुक्तिक्रान्तिको आयाम, स्वरूप र चरित्र के हो ?

तिनले भनेको राष्ट्रिय मुक्ति बाह्य अर्थात् नेपालको राष्ट्रिय मुक्ति हो कि मधेसी र जनजातिको मात्र आन्तरिक मुक्ति हो ? समायोजित राष्ट्रिय मुक्ति के हो ? तिनले सार्वजनिक गरेको कागजमा कहीँ कतै उल्लेख छैन, किन ? किनभने, व्यवहारले स्पष्ट गरिरहेको छ , तिनीहरू आदिवासी तथा प्रगतिशील जनताको न्यायपूर्ण आन्दोलन भाँड्न मात्र देखापरेका हुन्, न कि जिम्मेवार समाधान खोज्न ।

मानिसहरू भनिरहेछन्– खड्गप्रसाद ओलीको मध्यपहाडी लोकमार्ग अभियान वस्तुतः पूर्वमा जारी पहिचान आन्दोलनविरुद्ध केन्द्रित थियो । निजको मनोविज्ञान र बोलीले नै प्रमाणित गर्छ, "बौलाहा राष्ट्रवादी" नेता राजेन्द्र महतो भारतीय छोरा र ओलीका प्यारा हुन् । त्यसैले महतोले जसपा फुटाएर पनि संवैधानिक प्रतिगमनका बखत ओलीलाई काँध हालिरहेका थिए । फलस्वरूप नेपाल देशको आन्तरिक राजनीतिमा हात हाल्न भारतीय लगानी र पहिचान आन्दोलनमा भाँडभैलो मच्चाउन ओली प्रायोजित प्रहसन हो, राजेन्द्र महतोहरूको । तर भनिसकियो, ती स्वयं अत्यन्तै नाङ्गेझार बनिसके ।

भारतीय छापाको भँगेरे अक्षरमा कसैले कसैलाई सर्वोच्च नेता, दार्शनिक वा क्रान्तिकारी भनेर लेखिदिँदा जनताको मुक्ति हुने भए कास्मिरको विशेष स्वायत्तता खोसिँदैनथ्यो होला कि ? मणिपुरका आदिवासी महिलालाई जिउँदै सडकमा जलाइँदैनथ्यो होला कि ? अनि गोर्खाल्यान्डको माग विलखबन्दमा पर्दैनथ्यो कि ? चिन्ता छ, गम्भीरतापूर्वक विचार नगरे भारुवादको दलालीकरण अभियोगबाट ती महासयहरू कसरी मुक्त होलान् ? जो स्वयं मुक्त छैन, उसले कसरी मुक्ति क्रान्तिको अगुवाइ गर्दो हो ! राजनीतिशास्त्रको यति सामान्य ज्ञान पनि नभएकाहरूको पछि लाग्नेहरूलाई के भनौँ ? जुम्रे अवसरवादी भनौँ ?

आफ्ना छिमेकीसँग भारतको रबैया

गणतन्त्र नेपालको प्रथम संस्कृति तथा राज्य पुनर्संरचनामन्त्री रहँदा २०६५ मा पशुपतिबाट भारतीय भट्टहरूलाई निष्कासन गरेर त्यहाँ नेपाली ब्राह्मण भट्ट नियुक्ति तथा सोलुखुम्बुमा राकेश सुदलाई जुत्ता प्रहारको पृष्ठभूमिमा हामीले पुनः मन्त्री बन्नुपऱ्यो । २०६८ मा नेपालका लागि भारतीय राजदूत जयन्त प्रसाद थिए । वास्तवमा जयन्तजी शतप्रतिशत कूटनीतिक व्यवहारका परिपक्व राजदूत थिए । नेपालमा ब्राह्मणसँग बराबर व्यवहार गर्न सक्नेले मात्र छिमेकीसँग स्वाभिमानपूर्वक व्यवहार गर्न सक्छ । अन्यथा तावाबाट उम्केको माछा भुङ्गोमा परेनछ भने सार्वजनिक घोषणै गरिन्छ– चार दशक लामो राजनीतिक जीवन तत्काल समापन गर्न यो पंक्तिकार यसैसाथ वचनबद्ध छ ।

छिमेकी हो, व्यवहार गर्नैपऱ्यो । पशुपतिमा केही र खासगरी लुम्बिनीलाई अन्तर्राष्ट्रियकरण प्रयासका निमित्त जयन्त प्रसादजीसँग नजिकबाट सहकार्य गरियो । चैत २०६८ को कुरा हो, हाम्रो मन्त्रालयमा उनैसँग थियौँ, आकस्मिक भारी वर्षात् पऱ्यो । चिया पिउँदै मन्त्रालयमा रोकियौँ । मुख्य छलफल सकिसकेको थियो । अचानक उनले गज्जबको जिज्ञासा राखिदिए, 'मन्त्रीजीलाई थाहा हुनुपर्छ, नेपाली जनता भारतसित किन आक्रोशित हुने गर्छन् ?'

श्वास नरोकीकन किनकि त्यो हाम्रा लागि ज्यादै सुवर्ण मौका थियो, बोल्न थाल्यौँ र हामीले भन्यौँ, 'त्यसमा भारतीय संस्थापनको रबैया जिम्मेवार छ । जस्तो : छिमेकी पाकिस्तानसँग तपाईंले एक अर्काप्रति क्षेप्यास्त्र सोझ्याएर बस्नुपरेको छ; श्रीलङ्काको छापामार आएर तपाईंको प्रधानमन्त्रीलाई बमले उडाउँछन् । बंगलादेश, माल्दिप्स र भुटानसँग पनि तपाईंको समन्ध सुमधुर छैन ।'

टुंग्याउनीमा हामीले भन्यौँ, 'उत्तर छिमेकी चीनको १३ मुलुकसँग अन्तर्राष्ट्रिय सीमाना जोडिएको छ, भारतबाहेक सबैसँग उसको सौहार्द्र सम्बन्ध छ । नेपाली त आक्रोशित मात्र छन् । त्यसैले समस्या भारतीय संस्थापनको हो, न कि नेपालको । वास्तवमा तपाईंहरूले छिमेक नीति र व्यवहारमा गुणात्मक सुधार तत्काल गर्नुपर्छ । अन्यथा घटना बढ्न सक्छन् ।' राजदूत मौन थिए । सम्भवतः उनलाई आफ्नो जिज्ञासा प्रत्युत्पादक पनि लाग्यो होला । हामीले भने जायज प्रश्नका लागि उनलाई हार्दिक धन्यवाद दिँदै फटाफट आफ्नो कुरा राख्यौँ । प्रस्ट छ, राजकीय जिम्मेवारीमा बसेको मानिसले कूटनीतिक मर्यादामा रहेर छिमेकीसँग सिधै नेपालको कुरा बोल्नुपर्छ । असल छिमेकी तिनलाई पनि चाहिने हुन्छ, थोरै हामीलाई मात्र हो र ?

परन्तु, त्यो केही उदार कांग्रेस आईको सरकारको समय थियो । त्यसपछि त ब्वाँसोझैँ झम्टने भाजपाको दरिद्र समय थोपिएको स्थिति छ । त्यसैले भन्नुपर्छ, आफ्नो गृहनीति सुदृढ नगरी कोही नेपाली जब भारतीयसमक्ष हात पसार्न पुग्छ, उसको हालत लेन्डुप दोर्जेको भन्दा फरक हुनेवाला छैन । सुरुमा तिनले आश्वासन बोल्लान्, 'आप के नेपाल मे कोशी, बागमती, गण्डकी जैसा प्रदेश नामों को खारिज के लिए हम् मुहिम छेंड्देङ्गे ।' तर, कोही जब भारुवादको दलदलमा फस्दै जान्छ । अलिक पर बिचतिर पुगेपछि तिनलाई अवश्य भन्नेछन्, 'पहले नेपाल मे हिन्दू राज्य को रेस्टोरेसन के लिए आन्दोलन करो, नही तो और कुछ नही हो सकता हैं ।' त्यो नियति स्वीकार गर्ने कुनै नेपाली लेन्डुप दोर्जेभन्दा कुन मानेमा फरक देखिएला ? 'बौलाहा राष्ट्रवादी'ले जवाफ दिनैपर्छ ।

तयारी समितिको दृष्टिकोण

पहिलो कुरा, प्रदेश १ पुनःनामाङ्कन संघर्ष समितिको नीतिगत कार्यादेशमा गठित 'तेस्रो जनआन्दोलन राष्ट्रिय भेला तयारी समिति'ले आधारभूत रूपमा बहुराष्ट्रिय पहिचानसहितको समाजवादी लोकतन्त्र चाहन्छ । नेपालको संविधानमा व्यक्त वर्गीय, जातीय, भाषिक, सांस्कृतिक, लैङ्गिक उत्पीडन अन्त्य गर्ने गरी राज्यको अग्रगामी पुनर्संरचनाको माग दृढतापूर्वक दोहोऱ्याउँछ ।

साथै, प्रदेश १ पुनःनामाङ्कन संघर्ष समितिको विरोधमा जो कसैको कुनै पनि गतिविधि तेस्रो जनआन्दोलन तयारी समितिका लागि सह्य हुन सक्दैन । किनकि यस संघर्ष समितिको नाम सहिद लाजेहाङ लिम्बुको रगतले लेखिएको छ, गजेन्द्र फागोलगायत सयौँ घाइतेहरूको सपना यसैमा उनिएको छ । हजारौँ, लाखौँ उत्पीडित जनताको भविष्य यसै सङ्घर्ष समितिमा जोडिएको छ । तब तेस्रो जनआन्दोलन तयारीको जिम्मा लिएर अघि बढिरहेको समिति कसरी मौन बस्न मिल्छ ?

छिमेकी साट्न मिल्दैन र चीन-भारतसँग सहकार्य गर्नैपर्छ भन्ने कुरा तयारी समितिको संज्ञानमा प्रस्ट छ तर गृहनीतिको विस्तार विदेशनीति हो न कि विदेशनीतिको विस्तार गृहनीति भन्नेमा त्यत्तिकै दृढ छ । इतिहासका निर्माता जनसमुदाय हुन्, मान्यतामा प्रतिबद्ध तयारी समिति कुनै वैदेशिक गुटको सहयोगको अभावमा आकाशबाट खसिन्छ भन्ने किमार्थ सोच्दैन । अथवा सर्वप्रथम सार्वभौम गृहशक्ति निर्माणमा जोड दिन्छ, त्यसपछि मात्र बाह्य सम्बन्ध स्वाभाविक ठान्छ । किनकि हामीलाई थाहा छ, नेपालका ब्राह्मणभन्दा तीन गुणा कठोर छन् भारतीयहरू र भारतीयभन्दा तीन गुणा कठोर छन् चिनियाँहरू; पश्चिमा साम्राज्यवादीको त कुरै नगरौँ । यसको अर्थ ब्राह्मणवादको समर्थन किमार्थ होइन, त्यस्तो हुनै सक्दैन । बरु अनुभवका आधारमा भन्न खोजिएको यथार्थ हो; नेपालमा ब्राह्मणसँग बराबर व्यवहार गर्न सक्नेले मात्र छिमेकीसँग स्वाभिमानपूर्वक व्यवहार गर्न सक्छ । अन्यथा तावाबाट उम्केको माछा भुङ्गोमा परेनछ भने सार्वजनिक घोषणै गरिन्छ– चार दशक लामो राजनीतिक जीवन तत्काल समापन गर्न यो पंक्तिकार यसैसाथ वचनबद्ध छ ।

गणतन्त्र नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र सामुदायिक जनजीवनमा आँच नपुऱ्याउने सुनिश्चितताको दुई छिमेकी सम्बन्ध तयारी समितिका लागि आम दृष्टिकोण हो । कसैले दायाँबायाँ गरे दलालहरूलाई दलाल भनी भण्डाफोर गर्ने नैतिक हक खोसिने कुराप्रति यो समिति शतप्रतिशत सचेत छ र रहन्छ । किनभने यही उद्देश्य र आवश्यकताले बनेको साझा संगठन हो यो ।

अन्त्यमा, पाटनका एक चर्चित नेवार मित्रसँग भर्खरै भेट भएथ्यो । प्रसङ्गवश ठ्याक्कै सोधी हाले- किरातीजी ! फलानाहरूको त्यो बौलाहा राष्ट्रवाद भनेको के हो ? भन्दिनुस् त ! गम खाइयो, के हो त बौलाहा राष्ट्रवाद भनेको ! कुरा बुझ्दै जाँदा राजेन्द्र महतोहरूको बहुल राष्ट्रवादलाई ती मित्रले बौलाहा राष्ट्रवाद भनी बुझेका र भनेका रहेछन् । जसलाई उनको जिब्रोले त्यसरी व्यक्त गरेको रहेछ । समग्रमा जाँच-पडताल गर्दा ती मित्रको उच्चारण स्वाभाविक नै लाग्यो र प्रस्तुत आलेखको शीर्षक पनि सो बमोजिमकै राखियो ।

के तपाईले खानेपानीको महशुल तिर्नु भयो ? यदी तिर्नु भएको छैन भने जरीवानामा पर्नु होला है? खानेपानीको मिटर रिडिङ गरेको ७ दिन भित्र महशुल तिरेमा ३ प्रतिशत छुट पाईने जानिकारी तपाईलाई छ कि छैन ?

नोट : यदी तपाईको धारामा समस्या आएमा ०५५५४०६५५ वा ९८०७२३८३१३ मा तुरुन्त सम्पर्कगर्नुहोला ।

# मनोरञ्जन खबर

## आमिरको सम्बन्धविच्छेदको कारण म नै हुं भन्ने सोचियो : किरण राव



मुम्बई । सन् २००१ मा रिलिज भएको फिल्म ‘लगान’ मा फिल्ममेकर किरण राव सहायक निर्देशक थिइन् । उनको र आमिर खानको पहिलो भेट फिल्म ‘लगान’ कै सेटमा भएको थियो ।

जब किरणले आमिरलाई पहिलो पटक भेटेकी थिइन्, तब अभिनेताले रीना दत्तसँग सम्बन्धविच्छेद गरेका थिएनन्। तर, ‘लगान’ रिलिज भएको एक वर्षपछि सन् २००२ मा आमिर र रीनाको सम्बन्धविच्छेद भयो ।

यस्तो अवस्थामा धेरैले आमिर र र ीनाको सम्बन्धविच्छेदको कारण किर णलाई मानेका थिए । अब किरणले एक अन्तर्वार्तामा यस विषयमा स्पष्टीकरण दिएकी छन् ।

किरणले ‘लगान’ को सुटिङका रुरुक्रममा आमिरसँग खासै कुरा नगरेको बताइन् । जुमलाई दिएको एक अन्तर्वार्तामा किरणले भनिन्, ’धेरैलाई लाग्छ कि आमिर र म ’लगान’ को समयमा जोडिएका थियौं तर त्यस्तो थिएन। ‘स्वदेश’ को सुटिङका रुरुक्रममा हामी दुवै नजिक भयौं । त्यतिबेला आमिर ‘मंगल पाण्डे’को सुटिङमा थिए । त्यसपछि हामीले आशुतोष गोवारीकरसँग केही विज्ञापनहरू खिच्यौं ।

किरणले थप भनिन्, ‘त्यसअघि लगानको ३ वर्षपछि हामी सम्पर्कमा थिएनौं । लगानको सुटिङका रुरुक्रममा पनि हामीबिच कम कुराकानी हुन्थ्यो । तर जब हामीले २००४ मा सार्वजनिक रूपमा भेट्न थाल्यौं, मानिसहरूले उनीहरूको सम्बन्धविच्छेदको कारण म नै हुँ भन्ने सोचेका थिए, तर त्यस्तो थिएन ।’यो अन्तर्वार्तामा किरणले आमिर र उनले कपल काउन्सिलिङ पनि लिएको बताइन् । उनले भनिन्– ’पहिले अर्को सम्बन्धमा रहेको कसैसँग बिहे गर्दा, साथमा एउटा ब्यागेज आउँछ, जसले तपाईंको सम्बन्धलाई पनि बिगार्न सक्छ। यसका लागि म जोडी सल्लाहमा विश्वास गर्छु । आमिर र मैले कपल काउन्सिलिङ पनि गरेका थियौं।’

आमिर र किरणले सन् २००५ मा विवाह गरेका थिए र सन् २०२१ मा दुवै अलग भएका थिए । यद्यपि, यी दुई अझै सँगै काम गर्छन्, नजिकका साथी हुन् र छोरा आजादलाई पनि सह-पालन गरिरहेका छन् ।

## आर्ट फिल्ममा देखिन मन छ : अभिनेत्री वर्षा



वर्षा राउत पछिल्लो समयको चलेकी अभिनेत्री हुन् । उनले निर्वाह गरेका भूमिका दर्शक माझ लोकप्रिय छन् । थुप्रै फिल्म गरिसकेकी उनी पछिल्लो समय भने ‘महाजात्रा’को कारण चर्चामा छिन् । ‘महाजात्रा’ हिट फिल्म ‘जात्रा’को तेस्रो सिक्वेल हो । पहिलो र दोस्रो झैँ तेस्रो सिक्वेलमा पनि उनले विपिनको अपोजिटमा निरन्तरता पाएकी छन् ।

‘जात्रा’ र ‘जात्रै जात्रा’मा वर्षाले सम्पदा नामक चरित्र निर्वाह गरेकी थिइन् । अहिलेको ‘महाजात्रा’मा पनि उनको चरित्र त्यही हो । सम्पदा एउटा असल र इमानदार महिलाको भूमिका भएकोले आफूले निरन्तरता दिएको उनी बताउँछिन् । ‘‘महाजात्रा’मा अझैं सङ्घर्षशील गृहिणी बनेकी छु । परिवारमा छोरी थपिएसँगै अहिले अरूको घरमा गएर काम गर्ने, आम्दानी बढाउन मेहनत गर्ने गृहिणी बनेकी छु’ उनले भनिन् ‘परिवारको लागि सङ्घर्ष गरिरहेकी महिला हो सम्पदा ।’ फिल्ममा उनको जोडी अभिनेता विपिन कार्की (फणीन्द्र) बनेका छन् । विपिनसँग उनले ‘जात्रा’मा प्रेम विवाह गरेकी हुन् । सम्पदा फणीन्द्रको इमानदारिताले आकर्षित गरेको फिल्ममा प्रेम विवाह भएको उनले बताइन् । पहिलो सिक्वेलमा प्रेमीका, दोस्रोमा श्रीमती र अहिलेको ‘महाजात्रा’ श्रीमतीमै भूमिका उनी छिन् । जसले उनलाई कलाकार बढी र हिरोइन कम समेत भन्न थालेका छन् । उनी फिल्ममा हिरोइन होइन, कलाकार बन्ने सोच बोकेर भित्रिएको बत्ताउँछिन् । ‘महाजात्रा’को विषयमा अहिलेसम्म बाहिर धेरै कुरो आएको छ । कतिले पैसाको संघर्ष भनेका छन्, भने कतिले नेताको कालो कर्तुत । वर्षा एउटा पारिवारिक र सामाजिक फिल्म बताउँछिन् । ‘हामीले देखिरहने घटनालाई यसमा रमाइलो शैलीमा प्रस्तुत गरिएको छ । यहाँ परिवार, मित्रता र समाजको जात्रा छ । भिन्न तीन पृष्ठभूमिबाट आएका पात्रले सिङ्गो नेपालको प्रतिनिधित्व गर्छ’, उनले थपिन् ‘यो स-परिवार हेर्नुपर्ने फिल्म हो ।’

वर्षाले अहिलेसम्म थुप्रै फिल्म अभिनय गरिसकेकी छन् । त्यो अनुसार भूमिका पनि फरक फरक त हुने नै भयो । तर पनि उनको अभिनय प्यास मेटिएको छैन ।

# स्वास्थ्य खबर

## अभिभावकका ५ बानी, जसले बच्चामा पार्छ नकारात्मक प्रभाव

अभिभावकले आफ्ना सन्तानले कहिले पनि दुःख नपाउन्, सधैं खुसी रहुन् भन्ने चाहना राख्छन् । यो स्वभाविक पनि हो । आफ्ना सन्तानले दुःख पाएको, उनीहरुको आँखाबाट आँसु झरेको कसले पो चाहन्छ र ?

तर कतिपय अवस्थामा आवश्यकताभन्दा बढी माया देखाउनुको नकारात्मक प्रभाव पनि पर्न सक्छ ।

बालबालिकालाई आवश्यकताभन्दा धेरै माया देखाउनु

लेबनानी कवि तथा लेखक खलिल जिब्रानको एउटा प्रख्यात भनाइ छ, ‘सन्तान तपाईंको माध्यमबाट संसारमा आउँछन्, तर तिनीहरु तपाईंका होइनन्, संसारका सन्तान हुन् । त्यसैले अभिभावकले सन्तानलाई माया गर्नुपर्छ तर माया गर्नुको पनि सीमा हुनुपर्छ ।’

जस्तै- बच्चा हिंड्न नसक्ने, आफैं खान नसक्ने भएसम्म अभिभावकले गर्नुपर्छ । तर बच्चा सक्षम भइरहेपछि पनि आफ्नो बच्चा भनेर जहिले काखमा लिइराख्ने, आफैंले खाना खुवाउने, लुगा लगाइदिने, हरेक समय बच्चासँगै बस्ने गर्नुहुँदैन । किनभने अभिभावकको नजरमा त्यो माया हुनसक्छ तर बच्चालाई अभिभावक देखेर रिस उठ्न सक्छ । बच्चाको नजरमा यस्ता अभिभावक खलनायक हुन्छन् ।

त्यसैले बच्चाले आफ्नो हेरचाह गर्न सक्षम भएपछि उसलाई साथीहरुसँग घुलमिल हुन दिनुपर्छ । यसले बच्चाको शारीरिक तथा मानसिक विकास राम्रो हुन्छ । बाहिरको रिस बालबालिकामा पोख्ने बानी

कोही अभिभावक बच्चालाई आवश्यकताभन्दा धेरै माया गर्ने गर्छन् भने कोही अभिभावक बाहिर अरुको रिस घरमा आएर बच्चामा पोख्ने गर्छन् । यस्तो व्यवहार गर्ने अभिभावकप्रति बच्चाको मनमा मान सम्मानको सट्टा डर, घृणा र रिस उत्पन्न हुन्छ ।

उनीहरु असुरक्षित महसुस गर्छन् । यस्ता नकारात्मक सोचले बच्चा र अभिभावकको सम्बन्ध बिग्रिँदै जानुका साथै उनीहरुको वृद्धि विकासमा पनि नकारात्मक असर पर्छ । घरमा यस्तो व्यवहार देखाउने अभिभावकलाई नराम्रो मान्छन् ।

बच्चालाई आफूमा अत्यधिक निर्भर बनाउँदा

संसारका हरेक प्राणीको आधारभूत लक्ष्य बच्चालाई जतिसक्दो चाँडो आत्मनिर्भर बनाउने हो, तर भावनाका कारण मानिसले ढिलाइ गर्छन् । कोही अभिभावक आफ्ना बच्चालाई लामो समयसम्म नियन्त्रणमा राख्न खोज्छन् । यसले बच्चा स-साना कुरामा अभिभावकप्रति निर्भर हुन्छ । जस्तै- के खाने, के नखाने, कसलाई साथी बनाउने ? यी कुरामा अभिभावकले भन्दा पनि बच्चाहरु आफैंलाई निर्णय लिन प्रोत्साहन गर्नुपर्छ ।

बरु उसको कुरा राम्रोसँग सुन्ने र केही प्रश्न गरेको अवस्थामा सुझाव दिने गर्नुपर्छ । यसो गर्नाले उनीहरुको आत्मविश्वास बढ्दै जाने र निर्णय लिने क्षमताको विकास हुँदै जान्छ ।

अन्य बच्चासँग तुलना गर्ने बानी




एकअर्कासँग तुलना गर्नु मानवीय स्वभाव हो । धेरैजसो हामी अरुको तुलना गरेर नै अगाडि बढ्न प्रेरणा लिइरहेका हुन्छौं । तर कहिलेकाहीं हरेक समय तुलना गर्ने बानीले बच्चाको दिमागमा नकारात्मक सोच उत्पन्न हुनसक्छ । वास्तवमा, आफ्नो बच्चालाई अन्य बच्चासँग तुलना गरेर उसलाई अनावश्यक अप्रत्यक्ष दबाब दिने गरेको देखिन्छ । उसलाई अरु जस्तै बन्न अप्रत्यक्ष दबाब दिंदा बच्चाले आफूलाई अरुभन्दा कम ठान्न थाल्छ । भविष्यमा आफ्नो करिअरमा असफल भएमा त्यसको दोष अभिभावकलाई दिन सक्छन् ।

बच्चासँग कम बोल्ने बानी

अभिभावकहरु बच्चालाई चाहिने सबैथोक भन्नेबित्तिकै ल्याइदिएकै छ, अरु के चाहियो र भन्ने सोच्छन् । चाहेको सामान किनिदिन्छन् तर उनीहरुसँग कुरा गर्ने, उसको स्कुलमा के भइरहेको छ ? उसको रुचि केमा छ ? के मन पर्छ वा के मन पर्दैन ? भनेर बुझ्न वा जान्न कोसिस गर्दैनन् । जुन एकदम गलत बानी हो । त्यसैले भनेको चीज सामान पुर्‍याएको छ भन्दैमा राम्रो अभिभावक हुँदैनन् ।

बच्चाको अगाडि बसेर फोन चलाउने बानी

अभिभावकहरु बच्चालाई स्कुलबाट आउनेबित्तिकै होमवर्क गर, पढ बस् भन्छन् । तर अभिभावक भने उनीहरुकै अगाडि बसेर मज्जाले मोबाइलमा रिल हेर्ने, टिकटकमा भिडियो हेरेर बस्ने वा भिडियो बनाएर बस्ने गर्छन् । यसले बच्चाहरुले आफ्नो अस्तित्व नै नभएको महसुस गर्ने गर्छन् । अभिभावकप्रति आदर र मानसम्मान गर्दैनन् । त्यसैले अभिभावक आफैं रोल मोडल हुनका लागि बच्चालाई होमवर्क वा पढ्न बस्ने बेला आफूले मोबाइल नचलाइकन उनीसँग समय बिताउनुपर्छ ।









## गढीमाइ नगरपालिकाको अनुरोध

- जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
- जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं ।
- जन्म, मृत्यु, बसाइ–सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
- जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
- बसाइ–सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।
- विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ ।
- सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
- सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं ।
- सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं ।
- प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
- नगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं ।
- जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं ।
- नगरपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं ।
- नगरपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं ।

**मौलापुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मौलापुर, रौतहट**


# मधेश प्रदेशका चोक–चोकमा राष्ट्रिय झण्डा



**तराई एक्सप्रेस संवाददाता**
**चन्द्रपुर,३० फागुन ।**

मधेश प्रदेशका चोक–चोकमा राष्ट्रिय झण्डा राख्ने चलन बढेको छ। राष्ट्रिय झण्डाप्रतिको सम्मान दर्साउन तथा चोकलाई सुन्दर बनाउन राष्ट्रिय झण्डा राख्न थालिएको हो। धनुषाको ढल्केबर, महेन्द्रनगर, जनकपुर र महोत्तरीको बर्दिवास चोकमा राष्ट्रिय झण्डा राखिएको छ । महोत्तरीको मटिहानीमा राखिएको झण्डा ११० फिट अग्लो छ। सो झण्डाको उद्घाटन उपराष्ट्रपति रामसहायप्रसाद यादवले गर्नुभएको थियो । यस्तै, धनुषाको ढल्केबर चोकमा स्थानीय क्लब तथा विभिन्न सङ्घसंस्थाले २५ वटा राष्ट्रिय झण्डा राखिएका छन् । मधेश प्रदेशको राजधानी जनकपुरधामको मुख्य प्रवेशद्वार तथा पूर्वपश्चिम राजमार्गसँग जोडिएको महेन्द्र पार्कका तीन वटै कुनामा पनि झण्डा ठड्याइएको छ । झण्डा राखेपछि चोक सुन्दर देखिएको स्थानीयको भनाइ छ। मिथिला उद्योग वाणिज्य सङ्घका महासचिव दीपक लामाले राष्ट्रिय झण्डा नेपालको पहिचान, सम्मान र राष्ट्रियतासँग जोडिएकाले ढल्केबर चोकमा राखिएको बताउनुभयो । साउन महिना पहिलो पटक झण्डा राखिएको बताउनुहुँदै उहाँले त्यसयता दुई पटक नयाँ झण्डा फेरिएको जानकारी दिनुभयो ।

“घामपानीको असरले झण्डाको रङ खुइलिन थालेपछि नयाँ फेरिएको हो। झण्डा ठड्याउनु ठुलो कुरा होइन् । हेरचाह पनि गर्नुपर्छ”, महासचिव लामाले भन्नुभयो । उहाँले झण्डा च्यातियो अथवा धुलो मैलो भएको अवस्थामा तुरुन्त बदल्ने व्यवस्था मिलाइएको बताउनुभयो ।

जनकपुरका अमरेन्द्रकुमार यादवले भने देखासिकीमा जथाभावी राष्ट्रिय झण्डा राख्न नहुने बताउनुभयो । चोकको सौन्दर्य बढाउन तथा सम्मानमा राष्ट्रिय झण्डा राखेपछि त्यसको उचित रेखदेख हुनुपर्ने उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, “राष्ट्रिय झण्डा हामी नेपालीका लागि सम्मान तथा पहिचान हो। त्यसैले देखासिकी गरेर जथाभावी ठड्याउनु हुँदैन।” यस्तै, देखासिकीमा कतिपय स्थानमा राखिएका झण्डा च्यातिएको अवस्थामा देखिएको यादवले बताउनुभयो ।

सरकारले राष्ट्रिय झण्डा प्रयोगसम्बन्धी कार्यविधि, २०६९ परिवर्तन गरी राष्ट्रिय झण्डालाई निजी घरमा पनि राख्न पाइने गरी निर्देशिका परिवर्तन गरेको छ ।

## एन्फालाई कारवाही गर्न खेलकुद मन्त्रालयको निर्देशन

**तराई एक्सप्रेस संवाददाता**
**काठमाण्डौ,३० फागुन ।**

युवा तथा खेलकुद मन्त्रालयले स्वीकृति नलिई अखिल नेपाल फुटबल संघ ( एन्फा) ले १० जना पदाधिकारी विदेश भ्रमणमा पठाउन लागेको भन्दै कारवाहीको निर्देशन दिएको छ। मन्त्रालयले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २८ को 'झ'मा राष्ट्रिय खेलकुद परिषद् (राखेप) को स्वीकृति लिनुपर्नेमा व्यवस्था भएबमोजिम एन्फाले सो प्रक्रिया पूरा नगरी विदेश गएकाले एन्फालाई कारबाही गर्ने राखेपलाई निर्देशन दिएको हो। विश्वकप छनोटको तयारीमा रहेको नेपालले आगामी चैत २ मा मलेसियाविरुद्ध मैत्रीपूर्ण खेल खेल्दैछ । त्यसपछि नेपाली टोलीले आगामी चैत ८ र १३ गते बहराइनसँग 'होम एन्ड अवे'का दुई खेल खेल्दैछ। उक्त खेलका लागि नेपाली टोलीसहित एन्फाका १० पदाधिकारी 'अफिसियल' बनेर मलेसिया गएका हुन् ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको मैदान खराब भएपछि नेपालले विश्वकप छनौटका खेल यहि मार्च २१ र २६ मा होम र अवे खेल बहराइनमा खेल्न लागेको हो ।

राखेपको स्वीकृतिपश्चात् मात्र खेल संघका पदाधिकारीहरुलाई अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता, तालिम, गोष्ठी, सेमिनार वा सम्मेलन भाग लिन वैदेशिक प्रस्थान अनुमति प्रदान गर्ने व्यवस्थाका लागि गृह मन्त्रालयलाई अनुरोध गरिएको युवा तथा मन्त्रालयद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

## दाहाल नेतृत्वकै सरकार रहन्छ : योगेश भट्टराई

काठमाडौं, ३० फागुन। नेकपा एमालेका सांसद तथा सचिव योगेश भट्टराईले वर्तमान संसद् रहुन्जेलसम्म वर्तमान सरकार कायम रहने बताएका छन् ।

बुधबार प्रतिनिधिसभा बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै सांसद भट्टराईले वर्तमान संसद् रहुन्जेलसम्म प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार कायम रहने बताएका हुन् ।

अहिलेको संसदको लागि यो सरकार बनाउनु अन्तिम विकल्प भएको उनको दाबी छ। अब अर्को सरकार बनाउन एमालेले कोसिस नगर्ने उनले प्रस्ट पारे। एमालेको समर्थनमा आज १५७ सांसदले प्रधानमन्त्रीलाई विश्वासको मतमा मत दिएका छन् ।

सरकारले मुलुकमा व्याप्त समस्याको सकारात्मक निकास दिने विश्वास व्यक्त गरे। सरकारले जनतामा भएको निराशालाई आशामा बदल्ने उनको भनाइ छ। 'अन्तर्राष्ट्रिय सम्बन्धलाई सन्तुलित गर्ने । अर्थतन्त्रलाई सन्तुलित बनाउने। र, अन्य कतिपय सामाजिक, आर्थिक समस्यालाई हल गर्ने र संसद्बाट आवश्यक विधेयक संसद्मा टेबुल गर्ने, त्यसलाई पास गर्ने र विशेष गरी संघीय निजामती ऐन, विद्यालय शिक्षा ऐन लगायतका संघीयताका कार्यान्वयनसँग सम्बन्धित ऐनहरूलाई छिटोभन्दा छिटो संसद्बाट अगाडी बढाउने हो। शान्ति प्रक्रियालाई तार्किक निष्कर्षबाट टुंग्याउने,' उनले भने ।




# चौधरी हेल्थ सेन्टर

Reg.no 2678 **चन्द्रपुर बजार–६ रौतहट** PAN.no 606176095

| | | |
|---|---|---|
| **डा. प्रमोद कुमार झा**<br>MBBS, MD (DERMATOLOGIST)<br>छाला तथा चर्म रोग बिशेषज्ञ<br>एन.एम.सि नं. २७९३<br>प्रत्येक मंगलबार विहान : १० बजेदेखि १२ बजे सम्म र बेलुका ४ बजेदेखि ६ बजे सम्म | **डा. कृष्ण कुमार साह**<br>MBBS,( sfmu )<br>एन.एम.सि नं. २७४१९<br>महिनाको दोश्रो आईतबार र अन्तिम आईतबार विहान १० बजेदेखि ५ बजे सम्म | **डा. शशि रञ्जन तिवारी**<br>MBBS, Ms (ORTHO)<br>हाड जोर्नी तथा नाशा रोग बिशेषज्ञ<br>एन.एम.सि नं. १२१०६<br>विहान : १० बजेदेखि ६ बजे सम्म |
| **डा. ए.के. यादव**<br>MBBS (RU) PGT (TUSM)<br>INTERNAL MEDICINE<br>जेनरल फिजिसियन : छाति, बाथ तथा सुगर रोग बिशेषज्ञ<br>एन.एम.सि नं. १५४०२<br>प्रत्येक निन विहान : १० बजेदेखि १ बजे सम्म र बेलुका ५ बजेदेखि ७ बजे सम्म | **डा. अनिल यादव**<br>MBBS, MD (Paediatrician)<br>बाल रोग बिशेषज्ञ<br>एन.एम.सि नं. १२४३३<br>प्रत्येक आईतबार देखी सनिबार सम्म ।<br>विहान : ८ बजेदेखि १२ बजे सम्म | **डा. उद्धव लामा**<br>MBBS, MD(Consultant Psychiatrist)<br>वरिष्ठ मांसिक तथा नाशा रोग बिशेषज्ञ<br>एन.एम.सि नं. १२९३०<br>प्रत्येक महिनाको अन्तिम शनिबार<br>विहान : ९ बजेदेखि १ बजे सम्म |

यहाँ ल्याब सम्बन्धि सम्पूर्ण जाँच गर्नुको साथै फिजियोथेरापी तथा भिडियो X–रे (USG) पनि गरिन्छ।
सम्पर्क मोबाईल नम्बर : ९८४५१८३९६०/९८०३८३७०५०

**चौधरी हेल्थ सेन्टर पहिलाको ठाउँ भन्दा पूर्व पट्टी सेरेको छ ।**

# अन्नपुर्ण स्वीट्स एण्ड लज

**तपाँई हाम्रो सहर चन्द्रनिगाहपुरको मेन चोकमा खुल्यो**

**अन्नपुर्ण स्वीट्स एण्ड लज**

हामीकहाँ छोला भटौरा,पुरी तरकारी,डोसा,समोसा ,मम ,चाउमिन ,बरगर ,ईटली ,सुद्धसाकाहारी खाना तथा गुणस्तरी मिठाई पाईन्छ ।

**साथै होम सर्भिसको पनि व्यावस्था रहेको छ ।**


**आरमदायी र सस्तो रूमका लागि लागि हामीलाई सम्झनुहोस**

सम्पर्क :
९८४५८६१४०५

# रौतहट जिल्लाकै सुबिधा सम्पन्न एक मात्र होटल




## तराई इन




**तपाई हाम्रो सहर चन्द्रनिगाहपुरमा सुविधा सम्पन्न तराई इन होटल खुलेको सर्हष जानकारी गराउदछौ ।**


**हाम्रा सेवाहरु**

चपुर भ्यु प्वईन्ट ,रुफटप रेष्टुरेण्ट,सेल्फी प्वईण्ट ,स्टेज प्रोग्राम,बर्थडे ,एनिभरसरीको लागि लिफ्टको सुबिधा भएको, सरकारी तथा गैरसरकारी संस्थाका लागि कार्यक्रम गर्न हलहरुको प्रयाप्त सुबिधा भएको । रमणिय बातावरण भएको रौतहटकै एक मात्र होटल तराई इन लाई सम्झनुहोस ।

**ईलाका प्रहरी कार्यालय चन्दनिगाहपुरको अगाडी**

सम्पर्क : ०५५-५४०६००,०५५-५४०७५५,९८२०९२८७०४



**दश ठाउँको झन्झटबाट मुक्त हुनुहोस् ।**

अब तपाई हाम्रै शहर चन्द्रनिगाहपुरमा भवन निर्माण सम्बन्धि सम्पूर्ण सामानहरू एकै छानामुनि पाउनका लागि हामीलाई सम्झनुहोस् ।

# न्यू मनकामना हार्डवेयर एण्ड जेनरल सप्लायर्स

यहाँ : विजुली बतीको सामानहरु तार, MCB, स्वीच, बल्ब, पंखा, झुमर, ईत्यादी तथा जगदम्बा, जगशक्तिका छड, मारुती, सौर्य, PPC, OPC लगायतका सिमेन्टहरु पाउनुको साथै जि.आई. फिटिङ लगायत पञ्चकन्या नेपालको १ नं. PPR, PVC, CPVC, HDPE पाइप तथा पानी टंकी लगायतको सामानहरु उपलब्ध छ। जसको लाइफ टाइम ग्यारेन्टी रहेको छ। त्यतीमात्र हैन, वेन्काडो, हिन्डवेयरको धारा, वेशन, प्यानसिट लगायतको सामानमा १० वर्ष ग्यारेन्टी दिन्छौं। त्यसैगरी सूर्याका धारा, कलर ईत्यादी सामानहरु एकै ठाउँमा होलसेल तथा खुद्रा मूल्यमा पाईन्छ।

**मुख्य कार्यालय : गौर रोड, शाखा कार्यालय चन्द्रनिगाहपुर - ४ टि.सि. एन. रोड, मनकामना चौक सम्पर्क : ०५५ - ५४०५७३, ९८५५०४१५७३**